Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्षः २६ | अंकः ३६ | वि.सं. २०८३ जेठ ५ मंगलवार | नेपाल संवत: ११४५, ज्येष्ठ शुक्ल तृतीया | Tuesday 19 May 2026 | yugaawhan@gmail.com | पृष्ठः ४ | मूल्यः ५ ।-


# कर्णालीमा बढ्दै बेरुजु घट्दो पारदर्शिता

**बेरूजु भन्नाले सरकारी वा सार्वजनिक रकम खर्च गर्दा नियमअनुसार हिसाब-किताब, प्रमाण वा प्रक्रिया पूरा नभएको अवस्था हो । साधारण भाषामा खर्च भएको पैसा सही तरिकाले प्रमाणित नभएको, नियमविपरीत खर्च गरिएको वा हिसाब मिलान नभएको रकमलाई बेरूजु भनिन्छ । महालेखा परीक्षकको कार्यालयले सरकारी निकायहरुको लेखापरीक्षण गर्दा यस्ता त्रुटि वा अपूर्ण हिसाबलाई बेरूजुका रुपमा उल्लेख गर्छ ।**

**ओम शाही**
**सुर्खेत, ४ जेठ ।**

कर्णाली प्रदेश सरकारका निकायको बेरुजु रकम घट्नुको साटो वर्षेनी बढ्दै गएको पाइएको छ। शुक्रबार सार्वजनिक महालेखापरीक्षकको ६३ औं वार्षिक प्रतिवेदनले कर्णाली प्रदेश सरकारको सार्वजनिक वित्त व्यवस्थापनको पाटो चुस्त हुनुको साटो अस्तव्यस्त हुँदै गएको देखाएको छ। प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/०८१ मा कर्णालीको बेरुजु रकम चार अर्ब १२ करोड पाँच लाख ८४ हजार थियो।




त्यसमध्ये १७ करोड ६४ लाख ५८ हजार रुपैयाँ फर्स्योट भएको छ। गत आर्थिक वर्ष २०८१/०८२ मा मात्रै ७७ करोड ३५ लाख ६२ हजार रुपैयाँ बेरुजु थप भएको महालेखाको प्रतिवेदनले देखाएको छ। महालेखाले उक्त वर्ष प्रदेश मन्त्रालय तथा प्रदेश सरकार मातहत निकाय गरी १३७ कार्यालयको ३७ अर्ब १९ करोड ८० लाख ७६ हजार रुपैयाँको लेखापरीक्षण गर्दा बेरुजु रकम कायम भएको जनाएको छ।

उक्त वर्ष कायम भएको बेरुजुमध्ये सात करोड २७ लाख ३९ हजार रुपैयाँ पेस्की मात्रै छ। पेस्की बाहेकको खुद बेरुजु ७० करोड ८ लाख २३ हजार रुपैयाँ रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ। महालेखाको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९/०८० सम्म तीन अर्ब ९४ करोड ८२ लाख ५४ हजार रुपैयाँ बेरुजु कायम भएको थियो। यसमा २९ करोड ६८ लाख ४४ हजार रुपैयाँ सम्परीक्षणबाट लगत कट्टा गरिएको थियो।

सम्परीक्षण भए पश्चात ९६ लाख ९२ हजार थप बेरुजु थपिएर कुल बेरुजु रकम तीन अर्ब ६६ करोड ११ लाख दुई हजार रुपैयाँ पुगेको थियो। महालेखापरीक्षकको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/०८१ मा कर्णालीमा १.२२ प्रतिशत रहेको बेरुजु दर आर्थिक वर्ष २०८१/०८२ मा बढेर २.०८ प्रतिशत पुगेको छ। २०८०/०८१ मा ४५ करोड ९४ लाख ८२ हजार रुपैयाँ बेरुजु थपिएको हो।

महालेखाले बेरुजु नियन्त्रण तथा वित्तीय पारदर्शिता कायम गर्न सम्बन्धित निकायले थप प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता औँल्याइएको छ। महालेखाको प्रतिवेदन अनुसार बेरुजु बढी हुने प्रदेशगत रुपमा कर्णाली प्रदेश दोस्रो स्थानमा छ। सबैभन्दा बेरुजुको ग्राफ बढी हुने प्रदेश मधेस प्रदेश छ, जसको बेरुजु प्रतिशत ३.७७ छ। त्यसपछि पनि बेरुजु घट्न नसकी पुनः बढ्दो प्रवृत्ति देखिएको छ।

बेरुजु भन्नाले सरकारी वा सार्वजनिक रकम खर्च गर्दा नियमअनुसार हिसाब-किताब, प्रमाण वा प्रक्रिया पूरा नभएको अवस्था हो। साधारण भाषामा खर्च

बाँकी ३ पेजमा

# नेपालगञ्ज-कोहलपुरका बजारमा बढ्यो चहलपहल
## बाँके-बर्दियाका व्यवसायी उत्साहित

**सरला सुवेदी**
**बाँके, ४ जेठ ।**

नेपाल सरकारले भारतबाट सय रुपैयाँभन्दा बढी मूल्यका सामान ल्याउँदा अनिवार्य भन्सार महसुल तिर्नुपर्ने व्यवस्था कडाईका साथ लागू गरेपछि सीमापार व्यापारमा ठूलो परिवर्तन देखिन थालेको छ। भारतीय सीमावर्ती बजार रुपैडिहामा व्यापार मन्द बन्दै गएको बेला नेपालगञ्ज, कोहलपुरसहित बाँके र बर्दियाका बजारमा भने ग्राहकको चहलपहल बढ्न थालेको छ। लामो समयदेखि सुस्त बनेका स्थानीय बजारमा फेरि कारोबार बढ्न थालेपछि व्यवसायीहरू उत्साहित बनेका छन्।



नेपालगञ्जको जमुनाहा नाकापारी रहेको रुपैडिहा उद्योग व्यापार प्रतिनिधि मण्डल (बहराइच) ले नेपाल सरकारको नयाँ भन्सार नीतिका कारण सीमाक्षेत्रको व्यापार ७५ प्रतिशतसम्म घटेको दाबी गर्दै नीति पुनरावलोकन गर्न माग गरेको छ। मण्डलले जिल्ला प्रशासन बहराइचमार्फत भारत सरकारलाई ध्यानाकर्षण पत्र बुझाउँदै सीमापार व्यापारमा गम्भीर असर परेको जनाएको हो।

मण्डलका नगर अध्यक्ष शैलेश जायसवाल ले जिल्ला अधिकारीलाई बुझाएको पत्रमा नेपाल सरकारले सय रुपैयाँभन्दा बढी मूल्यका सामानमा भन्सार शुल्क कडाइका साथ लागू गरेपछि रुपैडिहा बजार तथा आसपासका व्यापारीहरू आर्थिक सङ्कटमा परेको उल्लेख गरेका छन्। उनका अनुसार पहिले दैनिक उपभोग्य सामग्री सहज रूपमा ओसारपसार हुने गरे पनि अहिले चामल, चिनी, तेल, औषधी तथा तरकारीजस्ता वस्तुमा समेत कडाइ गरिएकाले व्यापार उल्लेख्य रूपमा घटेको हो। सीमामा सशस्त्र प्रहरीद्वारा निगरानी बढाइएपछि सर्वसाधारण र व्यापारी दुवैलाई असहज भएको गुनासो पनि गरिएको छ।

यता, सीमामा कडाइ बढेपछि बाँके, बर्दिया, दाङलगायत जिल्लाबाट रुपैडिहा किनमेल गर्न जानेहरूको संख्या उल्लेख्य रूपमा घटेको छ। पहिले सस्तो भन्दै भारतीय बजार पुग्ने नेपाली उपभोक्ता अहिले आफ्नै बजारतर्फ फर्किन थालेपछि नेपालगञ्ज, कोहलपुर, गुलरिया, राजापुर तथा बाँसगढीजस्ता बजारमा व्यापार बढ्न थालेको व्यवसायीहरू बताउँछन्।

नेपालगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष टंक धामी ले सीमामा गरिएको कडाइले स्वदेशी बजारलाई सकारात्मक प्रभाव पारेको बताए। उनका अनुसार अहिले नेपालगञ्ज र कोहलपुर मात्र नभई पहाडी जिल्लाका बजारसमेत चलायमान हुन थालेका छन्। "पहिले सामान्य सामान किन्न पनि ठूलो संख्या भारततर्फ जाने गर्थे," अध्यक्ष धामीले भने, "अहिले त्यो क्रम घटेपछि नेपाली बजारमै किनमेल बढेको छ। यसले स्थानीय व्यापारी, राजस्व संकलन र समग्र आन्तरिक अर्थतन्त्रलाई फाइदा पुगेको छ।"

नेपालगञ्जको धम्बोझीस्थित कपडा व्यवसायी प्रकाश अग्रवालले केही महिनाअघिसम्म बजार निकै सुस्त रहेको बताए। "ग्राहकहरू धेरैजसो रुपैडिहा जाने भएकाले यहाँ व्यापार घटेको थियो," उनले भने, "अहिले भने दैनिक ग्राहक बढिरहेका छन्। पसलमा फेरि पुरानोजस्तै चहलपहल देखिन थालेको छ।"

कोहलपुरकी किराना व्यवसायी सविता खड्काले पनि सीमामा गरिएको कडाइले नेपाली व्यापारीलाई राहत मिलेको बताए। "पहिले सानो सामानका लागि पनि भारत जाने चलन थियो," उनले भने, "अहिले स्थानीय बजारमै किनमेल हुन थालेपछि व्यापार राम्रो भएको

बाँकी ३ पेजमा


PUBLIC ACADEMY ESTD 2063 Birendranagar-2, Surkhet

पब्लिक एकेडेमी

हार्दिक बधाई तथा शुभकामना

शैक्षिक सत्र २०८२ को SEE परीक्षामा यस विद्यालयबाट सहभागी सत प्रतिशत विद्यार्थीहरुले GPA 3.95 सहित उत्कृष्ट नतिजा हाँसिल गर्नुभएकोमा हार्दिक बधाई तथा थप शैक्षिक सफलताको शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक
तथा विद्यालय परिवार



Yam Bahadur Budha GPA : 3.95
Dridti Kumari Khatri GPA : 3.78
Rachana Thapa GPA : 3.75
Pratiksha Karki GPA : 3.74
Roshani Bista GPA : 3.73
Menika Rawal GPA : 3.72
Nirmal Koirala GPA : 3.58
Mahesh Devkota GPA : 3.54
Rupesh Lamivhhane Magar GPA : 3.52



Sohan Kumar Adhikari GPA : 3.50
Rohit Nepali GPA : 3.48
Krishna Prasad Pokhrel GPA : 3.45
Raj B.K GPA : 3.34
Jagat B.K GPA : 3.26
Nisha Acharya GPA : 3.23
Parbat Pariyar GPA : 3.22



Mehendra Rokaya GPA : 3.15

भर्ना खुल्यो

नयाँ शैक्षिक सत्र २०८३/०८४ को लागि कक्षा ११ मा कानुन (Law), व्यवस्थापन (Management), शिक्षा (Education) तथा मानविकी (Humanities) संकायमा भर्ना खुलेको जानकारी गराउँदछौं ।

सम्पर्क
083-412085, 9858057101, 9848290840



## सम्पादकीय....

# खर्च नहुने बजेटले कसरी बन्छ कर्णाली ?

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ को १० महिनामा कुल बजेटको जम्मा २९.०९ प्रतिशत मात्रै खर्च गरेको छ। यसले प्रदेशको वित्तीय क्षमता, योजना कार्यान्वयनको अवस्था र विकास प्रशासनको प्रभावकारितामाथी प्रश्न उठाएको छ। प्रदेश सरकारले यो बर्ष ३३ अर्ब १९ करोडभन्दा बढीको बजेट ल्याएको भए पनि वैशाख मसान्तसम्म नौ अर्ब ६३ करोड रुपैयाँ मात्र खर्च हुनु अत्यन्त निराशाजनक अवस्था हो। अझ चिन्ताजनक कुरा के छ भने विकाससँग प्रत्येक्ष जोडिएको पुँजीगततर्फको खर्च जम्मा २१.५३ प्रतिशतमा सीमित हुँदा चालुतर्फ भने ४१ प्रतिशतभन्दा बढी खर्च भईसकेको छ। यसले सरकारको प्राथमिकता विकासभन्दा प्रशासन धान्नतर्फ केन्द्रित भइरहेको संकेत गर्छ। कर्णाली जस्तो पूर्वाधार, सडक, स्वास्थ्य, शिक्षा, कृषि र ऊर्जा क्षेत्रमा अझै धेरै लगानी आवश्यक रहेको प्रदेशमा विकास बजेट खर्च हुन नसक्नु केवल प्रशासनिक कमजोरी मात्र होइन, जनअपेक्षामाथीको बेवास्ता पनि हो। प्रदेश सरकारको सञ्चित खातामा अझै २३ अर्बभन्दा बढी रकम मौज्दात रहँदा जनताले विकासको अनुभूति गर्न नपाउनु विडम्बनापूर्ण अवस्था हो। आगामी दुई महिनामा करिब १५ अर्ब रुपैयाँ बराबरको विकास बजेट खर्च गर्नुपर्ने दबाब सरकारमाथि छ।

तर विगतका अनुभव हेर्दा असार केन्द्रित खर्चले गुणस्तरीय विकास सम्भव छैन भन्ने स्पष्ट भइसकेको छ। आर्थिक वर्षको अन्तिम समयमा हतारमा गरिने खर्चले भ्रष्टाचार, कमजोर निर्माण, अपारदर्शिता र बजेट दुरुपयोगलाई बढावा दिने जोखिम रहन्छ। प्रदेश सरकारको बजेट कार्यान्वयन क्षमता कमजोर भएको यो पहिलो घटना होइन। विगतका वर्षहरूमा पनि सरकारले लक्ष्यअनुसार खर्च गर्न सकेको छैन। वर्षेनी सुधारको प्रतिबद्धता दोहोरिएपनि परिणाम भने झन् कमजोर बन्दै गएको देखिन्छ। यस पटक इन्धन आपूर्ति संकट, अन्तर्राष्ट्रिय युद्ध र निर्माण सामग्रीको मूल्यवृद्धिलाई सरकारको कमजोरी ढाक्ने आधार बनाउन खोजिएको देखिन्छ। निस्सन्देह, इरानमाथी अमेरिका र इजरायलले थालेको युद्धका कारण विश्व बजारमा इन्धनको मूल्य प्रभावित भएको असर नेपालमा पनि परेको छ। तर, विकास आयोजना समयमै ठेक्का व्यवस्थापन गर्न नसक्नु, योजना छनौटमै ढिलाइ गर्नु, प्रशासनिक समन्वय कमजोर हुनु र अनुगमन प्रभावकारी नहुनु जस्ता आन्तरिक समस्यालाई बाह्य कारणले मात्र ढाक्न सकिँदैन।

मन्त्रालयगत खर्चको अवस्था हेर्दा समस्या झन् स्पष्ट देखिन्छ। सबैभन्दा ठूलो बजेट रहेको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले जम्मा २२ प्रतिशत खर्च गर्नु अत्यन्त कमजोर प्रदर्शन हो। प्रदेशको विकासको मेरुदण्ड मानिने मन्त्रालयकै कार्यक्षमता कमजोर हुँदा समग्र बजेट कार्यान्वयन प्रभावित हुनु स्वाभाविक हो। कृषि, ऊर्जा, पर्यटन र वातावरण जस्ता उत्पादनमुखी क्षेत्रका मन्त्रालयहरूको खर्च स्थिति पनि सन्तोषजनक छैन। यसको अर्थ सरकारको योजना निर्माण र कार्यान्वयनबीच गम्भीर असन्तुलन छ। अब प्रदेश सरकारले केवल खर्च प्रतिशत बढाउने होड होइन, गुणस्तरीय र समयमै विकास सम्पन्न गर्ने संस्कृतिको विकास गर्नुपर्छ। योजना छनौंटदेखि ठेक्का प्रक्रिया, कार्यान्वयन र अनुगमनसम्म सम्पूर्ण प्रणालीलाई उत्तरदायी र परिणाममुखी बनाउनु अपरिहार्य छ। अन्यथा कर्णालीको बजेट हरेक वर्ष कागजमै सीमित हुने र विकासको आशामा बसेका नागरिक निराश भइरहने अवस्था अन्त्य हुने छैन।

## विश्व

# रुस-युक्रेन युद्ध थप चर्कियो, रुसद्वारा हजारभन्दा बढी ड्रोन नष्ट



**मस्को, ४ जेठ ।**
रुस र युक्रेनबीच जारी युद्धका क्रममा पछिल्लो २४ घण्टामा युक्रेनले ठूलो संख्यामा ड्रोन आक्रमण गरेको र तीमध्ये एक हजार ४५ वटा ड्रोन रुसी हवाई प्रतिरक्षा प्रणालीले खसालेको रुसी रक्षा मन्त्रालयले आइतबार जनाएको छ। यो युद्ध सुरु भएयताकै सबैभन्दा ठूलो ड्रोन आक्रमणमध्ये एक मानिएको छ।

रुसी रक्षा मन्त्रालयका अनुसार, खसालिएका ड्रोनहरूसँगै एक 'नेप्च्युन-एमडी' निर्देशित मिसाइल र एक 'फ्लेमिङ्गो' क्रुज मिसाइल पनि नष्ट गरिएको छ। मन्त्रालयले रुसी सेनाले जवाफी कारबाहीस्वरूप युक्रेनका विभिन्न सैन्य लक्ष्यहरूमा आक्रमण गरेको जनाएको छ।

आरआईए नोभोस्ती समाचार संस्थाले रक्षा मन्त्रालयलाई उद्धृत गर्दै जनाएअनुसार, रुसी सेनाले ड्रोन निर्माण तथा भण्डारण केन्द्र, युक्रेनी सशस्त्र समूहहरूको अस्थायी तैनाथी स्थल र युक्रेनका पक्षमा लडिरहेका विदेशी भाडाका सैनिकहरूको अड्डालाई लक्षित गरी हमला गरेको थियो।

यसअघि आइतबार बिहान रुसी रक्षा मन्त्रालयले रातभरिमा मात्रै ५५६ वटा युक्रेनी फिक्स्ड-विङ ड्रोन खसालिएको जानकारी दिएको थियो। ती ड्रोनहरू रुसका विभिन्न क्षेत्र हुँदै राजधानी मस्कोतर्फ लक्षित गरिएको बताइएको छ।

मस्कोका मेयर सेर्गेई सोब्यानिनका अनुसार, पछिल्लो २४ घण्टामा राजधानी मस्को क्षेत्रमा मात्रै १२० भन्दा बढी ड्रोन खसालिएका छन्। रुसी सरकारी समाचार संस्था टासले यसलाई एक वर्षभन्दा बढी अवधिमा मस्कोमाथि गरिएको सबैभन्दा ठूलो ड्रोन आक्रमणको रूपमा वर्णन गरेको छ।

यस घटनाले रुस-युक्रेन युद्ध थप तीव्र बन्दै गएको संकेत दिएको विश्लेषकहरूले बताएका छन्। पछिल्ला महिनाहरूमा दुवै पक्षले ड्रोन तथा मिसाइल प्रयोगमा उल्लेखनीय वृद्धि गरेका छन्। विशेषगरी, युक्रेनले रुसी सैन्य संरचना, इन्धन भण्डारण केन्द्र र राजधानी आसपासका क्षेत्रमा ड्रोन आक्रमणलाई तीव्र बनाएको देखिएको छ।

## उच्च रक्तचापको समस्या :

# हामी कहाँ चुक्छौँ ?



✍ डा. मिलनप्रकाश श्रेष्ठ

उच्च रक्तचाप सुन्दा सामान्य लागे पनि यसले गर्ने भयानक असरबारे मानिसमा पर्याप्त जानकारी नभएकाले होला, खासै महत्व दिएको पाइँदैन। यसले उच्च रक्तचापले गर्ने दुर्घटना प्रत्यक्ष देखेका हुन्छन्, भोगेका हुन्छन्, उनीहरूले मात्रै उच्च रक्तचाप यस्तो रहेछ भनेर आत्मसात् गरेका हुन्छन्। उच्च रक्तचापको औषधि खायो भने यस्तो हुन्छ रे, जिन्दगीभरि खानुपर्छ रे, 'साइड-इफेक्ट' गर्छ रे भन्ने धेरै किसिमका भनाइ सुनिन्छन् तर औषधि नखाई सधैँ उच्च रक्तचाप लिएर हिँड्दा के के खतरा हुन्छ भन्ने धेरैले विचार गरेको देखिँदैन।

### लक्षण बिनाको उच्च रक्तचाप

उच्च रक्तचाप भएका बिरामी सबैलाई लक्षण देखिनैपर्छ भन्ने छैन। कसैलाई १५० पुग्नासाथै टाउको दुख्ने, रिँगटा लाग्ने भएर आइपुग्छन् भने कोही कोहीमा माथिको (सिस्टोलिक) प्रेसर २५० पुग्दा पनि कुनै लक्षण नदेखिने हुनसक्छ। बिरामी अन्य कुनै कारणका लागि प्रेसर जाँच गर्दा उच्च देखिएपछि डाक्टर कहाँ पुग्छन्। कतिपय अवस्थामा रक्तचाप उच्च भएर पनि लक्षण नदेखिनु भनेको लक्षण देखिने रक्तचापभन्दा खतरनाक हुनसक्छ। यस अर्थमा कि लक्षण नदेखिँदा आफूलाई सबै ठिकै छ, म स्वस्थ छु भन्ने पर्छ र कुनै बेला त्यही रक्तचापले ठूलै समस्या गराउन सक्छ।

केही लक्षण नदेखिए पनि निरन्तर उच्च रक्तचापले शरीरका अङ्गहरू विशेषगरी मुटु, मिर्गौला, आँखा र मस्तिष्कमा पुऱ्याउने क्षति पुऱ्याई नै रहेको हुन्छ। रक्तचाप उच्च भएर पनि लक्षण नदेखिने बिरामी नै एकैचोटि हृदयाघात, मस्तिष्कघात भइसकेको अवस्थामा पनि आउने गरेको भेटिएको छ। त्यसैले आफ्नो उच्च रक्तचाप समय समयमा देखाइरहनु आवश्यक छ। साथै रक्तचाप उच्च भएर लक्षण नदेखिए पनि भविष्यमा हुनसक्ने क्षतिबाट बच्न औषधि सेवन आवश्यक छ।

### औषधि सुरु गर्न हिच्किचाहट

उच्च रक्तचापले गर्नसक्ने खतराबारे आवश्यक ज्ञान नभएकाले नै होला उच्च रक्तचापको औषधि भनेपछि हिच्किचाइहाल्छन्। उच्च रक्तचाप त्यति धेरै उच्च नभएको अवस्थामा, पहिलोपल्ट देखिएको उच्च रक्तचाप, तथा शरीरका अङ्गहरूमा क्षति नपुगिसकेको अवस्थामा केही महिना औषधि नखाई अन्य उपाय अवलम्बन गरेर उच्च रक्तचाप घटाउन कोसिस गर्न सकिन्छ। तर यी उपायहरू अपनाउँदा पनि उच्च रक्तचाप उच्चै रहिरहेमा औषधि सुरु गर्न धेरै ढिला गर्नु हुँदैन।

उच्च रक्तचापको औषधिको मुख्य काम उच्च रक्तचापलाई नियन्त्रणभित्र राख्नु हो। उच्च रक्तचापलाई नियन्त्रणभित्र राखेर शरीरका अन्य अङ्गहरूमा क्षति पुग्नबाट यसले बचाइराखेको हुन्छ। नियमित औषधि सेवन गर्दै जाँदा र चिकित्सकको सल्लाहबमोजिम खानामा परहेज, नियमित व्यायाम आदि गर्दै गएमा कुनै समय उच्च रक्तचाप घट्दै पनि जानसक्छ। बारम्बार नाप्दा पनि आवश्यकभन्दा घट्दै गएको पाइएमा चिकित्सकको सल्लाह लिएर खाने औषधिको मात्रा कम वा औषधि नै बन्द पनि गर्न सकिन्छ।

### औषधि खाएपछि 'साइड-इफेक्ट' गरिहाल्छ भन्ने भ्रम

साइड-इफेक्ट सबै औषधिको हुन्छ। उच्च रक्तचापका औषधिहरूको पनि आफ्नै किसिमका साइड इफेक्टहरू छन्। तर ती सबै साइड इफेक्टहरू सधैँ सबैलाई हुने सम्भावना मात्रै हो, हुन्छ नै भन्ने होइन। कुनै साइड-इफेक्ट छोटो समयमै देखापर्छन् भने कुनै २०-३० वर्षको लगातार औषधि सेवनपछि देखिन्छन्। डाक्टरको सम्पर्कमा बसेर डाक्टरको सल्लाहअनुसार नियमित चेक जाँच गरिरहेमा साइड इफेक्टहरू हुन थालेमा तुरन्तै पत्ता लाग्छ।

साइड-इफेक्ट भएको थाहा पाएमा औषधि अदलबदल गरेर साइड-इफेक्टले गर्ने क्षतिबाट बच्न सकिन्छ। तर साइड-इफेक्ट गर्छ भनेर औषधि सुरु नगरी सधैँ उच्च रक्तचाप लिएर बस्दा प्यारालाइसिस, हृदयाघात हुने, मिर्गौला कामै नलाग्ने अवस्थामा पुग्ने, आँखाको ज्योति गुम्नेजस्ता भयानक असरहरू हुनसक्छन् जुन असरहरूको तुलनामा औषधिको साइड-इफेक्टहरू केही होइनन्।

उच्च रक्तचापका कुनै औषधि खाँदा खुट्टा सुन्निने समस्या हुनसक्छ। कुनैले मुटुको ढुकढुकी बढाउन सक्छ। कुनैले ढुकढुकी चाहिनेभन्दा कम गराउन सक्छ। उच्च रक्तचापककै कुनै औषधिले सुक्खा खोकी लाग्ने गर्छ। कुनै औषधि सुरु गरेपछि पहिले नहुने स्वाँ..स्वाँ.. सुरु भएको हुनसक्छ। कुनै औषधिले मिर्गौलामा असर पार्न पनि सक्छ। एक किसिमको औषधिले लोग्ने मानिसको लिङ्गको उत्तेजनामा कमी, यौन इच्छामा कमी आउने आदि समस्या गराउन सक्छ। उच्च रक्तचापको औषधि सुरु गरेपछि पहिले नभएको समस्या देखापरे जस्तो लागे आफ्नो डाक्टरसँग सम्पर्क राखिहाल्नु पर्छ। यो साइड-इफेक्ट औषधि खानासाथै सबैलाई सधैँ हुने कुरा होइन।

औषधी सुरु गर्दा नभएका लक्षणहरू पछि सुरु भएमा आफ्नो चिकित्सक कहाँ तुरन्तै सम्पर्क राखिहाल्नु पर्छ। त्यसैले उच्च रक्तचापको औषधि विशेषज्ञ डाक्टरसँग परीक्षण गरेर मात्र सुरु गर्नुपर्छ। कुनै परीक्षण नगराई मेडिकलबाट सिधै किनेर खाने बानी गर्नु हुँदैन। साथै औषधि सुरु गरेपछि उच्च रक्तचाप ठिकै रहिरहे पनि तथा शारीरिक, मानसिक रुपमा ठिकै लागे पनि कम्तीमा १५ दिनमा एकचोटि उच्च रक्तचाप नाप्ने बानी बसाल्नैपर्छ र डाक्टरसँग कम्तीमा तीन महिना र बढीमा छ महिनामा एकचोटि भेट्नै पर्नेपर्छ।

### अपनाउनुपर्ने सावधानी

उच्च रक्तचाप बढाउनुमा धूम्रपान तथा रक्सीको पनि उत्तिकै योगदान रहन्छ। उच्च रक्तचाप भएका व्यक्तिहरूले कुनै पनि किसिमको नशाको सेवन गर्नु हुँदैन। यस्ता वस्तुले उच्च रक्तचापलाई नियन्त्रणमा राख्न गाह्रो हुने, एकभन्दा बढी औषधिको सेवन गर्नुपर्ने अवस्था निम्त्याउँछ। उच्च रक्तचाप नियन्त्रणका लागि चलाइने औषधि मानिसको शारीरिक बनावट, वजन, साथमा रहेको अरू समस्या, खानपान, उसले गर्ने शारीरिक व्यायाम आदिमा भर पर्छ। त्यसैले कसैलाई एउटा औषधिको सानो डोज मात्र खाए पुग्छ भने कसैलाई दुई, तीनवटा त्यो पनि दिनको दुई पटक वा बढी पनि खानुपर्ने पनि हुनसक्छ। उच्च रक्तचापको औषधि कति मात्राको खाने भन्ने कुरा मानिस मानिसमा निर्भर गर्छ।

विशेषगरी घरमा एक्लै बस्ने, कम पढेलेखेका, नपढेका बिरामीमा तथा उच्च रक्तचापका साथै अन्य समस्याको पनि औषधि खाने बिरामीमा यो समस्या देखिन्छ। एउटाभन्दा धेरै गोली खानुपरेको अवस्थामा यस्ता बिरामी झुक्किएर एउटा खानुपर्नेमा दुई पटक खाएको, खानुपर्ने चाहिँ नखाएको, राति खानुपर्ने बिहान खाएको, खानापछि खानुपर्ने अगाडि खाएको आदि समस्या सामान्य हुन्। अझ कति त औषधि सकिएपछि ल्याइदिने मान्छे नभएको भनेर औषधि खानै बन्द गरेर पनि आउँछन्। यसको कारण रक्तचाप अनियन्त्रित भइदिन्छ र कतिपय अवस्थामा प्यारालाइसिस, हृदयाघात भएको अवस्थामा पनि बिरामी आउँछन्। यस्तो कुरामा घरमा भएका पढेलेखेका मानिसहरूको गहन जिम्मेवारी हुन्छ। त्यस्ता बिरामीहरूलाई नामभन्दा पनि औषधिको आकार, रङ तथा साइजको जानकारी बढी हुन्छ। एकभन्दा बढी औषधि खानुपरेको अवस्थामा हरेक औषधिलाई छुट्टाछुट्टै सानो सानो बट्टामा राखेर यो बट्टाको यतिखेर खाने भनेर बुझाउने गरेमा गल्ती हुने समस्या कम हुन्थ्यो कि ?

### मानसिक तनावको व्यवस्थापन

मानसिक समस्याको व्यवस्थापन स्वस्थ जीवनका लागि एकदमै महत्वपूर्ण मानिन्छ। अत्यधिक तनावमा काम गर्ने, ढिलो सुत्ने, पर्याप्त निद्रा नपुग्ने व्यक्तिहरूमा हृदयाघातसम्म पनि हुने गरेको छ। व्यस्त कार्यशैली हुनेहरूमा यस्ता समस्याहरू प्रशस्तै देखिन्छ। उनीहरूको कामको कुनै समय नै हुँदैन। सधैँ तनावपूर्ण वातावरण, आरामको कमी, शारीरिक व्यायामको कमी, अव्यवस्थित खानपान, नियमित स्वास्थ्य जाँचको कमी आदि भएपछि यसैगरी, व्यक्तिहरूमा उच्च रक्तचाप, मधुमेहको समस्या देखापर्दछ। यसले गर्दा पछि गएर हृदयाघात, पक्षघात जस्ता भयानक समस्या भोग्नुपर्दछ। धेरैजसो व्यापारी पढेलेखेकै हुन्छन्, स्वास्थ्यमा नराम्रो असर परिरहेको छ भन्ने पनि थाहा हुन्छ तर पनि परीक्षणका लागि समय छुट्याउन सक्दैनन्।

डाक्टरसँग नियमित 'फलोअप' नगर्ने बानी

धेरै बिरामी औषधि सुरु गरेपछि शरीर आराम भएको महसुस भएपछि नियमित औषधि त खान्छन् तर डाक्टरसँग वर्षौंसम्म परीक्षण गराउँदैनन् न त फेरि फेरि रक्तचाप जचाएरै हेर्छन्। कारण सोध्दा औषधि सुरु गरेपछि आफूलाई आराम भएको, कुनै नयाँ समस्या नआएको, घर टाढा भएर आउने मौका नपाएको जस्ता कुराहरू गर्छन्।

माथि भनिएजस्तै उच्च रक्तचाप आफैँले शरीरका विभिन्न अङ्गहरूमा असर पुऱ्याइरहेको हुन्छ। त्यसमाथि नियमित औषधि खानेहरूलाई औषधिको साइडइफेक्ट पनि हुनसक्ने सम्भावना रहन्छ। आफूलाई केही गाह्रो नभए पनि डाक्टरसँग नियमित कम्तीमा छ महिनामा एकचोटि चेकजाँच गराउने गरेमा शरीरमा कुनै किसिमको हानिनोक्सानी हुन लागेको भएमा तुरन्तै पत्ता लाग्छ र भविष्यमा हुनसक्ने क्षतिबाट जोगिन सकिन्छ।

कति बिरामीहरू औषधि नखाने तर करेला, मेथी, निमको पात, घ्यूकुमारी खाने, आयुर्वेदिक उपाय गर्ने, योगा, ध्यान गरेरै प्रेसर ठीक पार्छु भनेर अड्डी कस्छन्। यसमा म के भन्छु भने जसरी हुन्छ, रक्तचाप नियन्त्रणमा आउनुपऱ्यो। माथि उल्लेखित सबै कुरा गर्दा कुनै नकारात्मक असर त पर्दैन। तर यी सबै पनि गर्नुस्, उच्च रक्तचाप नाप्दै पनि गर्नुस्, यस्ता कुराहरूले उच्च रक्तचाप नियन्त्रण भएन भने औषधि त खानैपर्छ।

### गुगल गर्ने बानी

एउटा वर्गको मानिसहरूमा जे पनि इन्टरनेटमा पढेर सम्पूर्ण जानकारी लिने प्रवृत्ति हुन्छ। यसो गर्नु एक किसिमले राम्रो पनि हो तर पूर्ण कुरा प्रस्ट नबुझिएको खण्डमा यसको नकारात्मक असर पनि पर्दछ। कुनै रोगका बारेमा पढ्दै जाँदा कतिपय प्राविधिक शब्दहरू, मेडिकल भाषा सबैले प्रस्ट बुझ्ने कुरै भएन। अनि यो भनेको यसो होला भन्दै अनुमानित अर्थ लगाउँदै बस्ने अनि त्यस विषयमा लेखिएका कुनै रोगका लक्षणहरू आफैँलाई भएको जस्तो लाग्ने, म त ज्यादै रोगी भएछु भन्ने मनस्थितिको विकास हुने, अब म मर्छु भन्ने जस्ता निराशावादी सोचको विकास हुने जस्ता समस्या पनि भएको पाइएको छ। इन्टरनेटमा लेखिएका कुराहरू प्रस्ट बुझ्ने क्षमता पनि हुनुपर्छ। कुनै कुरा नबुझे सम्बन्धित चिकित्सकसँग परामर्श गर्नुपर्छ। हैन भने यस्तो सामग्री नपढ्नु नै राम्रो हुन्छ।

उच्च रक्तचापको नकारात्मक असरहरूबाट बच्न मानिस आफ्नो स्वास्थ्यको कुरामा अझ बढी सचेत हुन जरुरी छ। साधारणतया उमेर ४० वर्षको वरिपरि पुगेपछि यदि भविष्यमा स्वस्थ भएर बाँच्ने, लामो समय बाँच्ने हो भने विशेषगरी केही कुराहरू, दैनिक स्वस्थ खाना खाने, रक्सी चुरोट, सुर्ती तथा कुनै नशा सेवन नगर्ने, नियमित शारीरिक व्यायाम गर्ने तथा मानसिक तनावबाट टाढा रहने आदि कुराहरू पालना गर्नैपर्ने देखिन्छ किनकि उमेरले ४० छोएपछि मानिसलाई धेरै रोगले छुन थाल्दछ।

*(वरिष्ठ मुटुरोग विशेषज्ञ डा. श्रेष्ठ ग्रान्डी अन्तरराष्ट्रिय अस्पतालमा कार्यरत हुन्)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष** — बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर जुट्नेछ। चिताएको काम सम्पादन हुनेछ। पहिलेका कमजोरीलाई सुधार्ने मौका छ।

**वृष** — रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ। विशेष अवसरले प्रसन्नता दिलाउनेछ।

**मिथुन** — खर्चको जोहो गर्न आफन्त र परिवारबाट टाढिनुपर्ला। धेरै लगानी गर्दा कममात्र फाइदा हुनेछ। अर्थअभावले काम पूर्ण नहुन सक्छ।

**कर्कट** — आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। दिगो फाइदा हुने काममा जग बसाउने मौका प्राप्त हुनेछ। तर आजको लाभांश सञ्चय नहुन सक्छ।

**सिंह** — कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्नेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। विशेष भेटघाटले काममा उत्साह बढाउला।

**कन्या** — तत्काल कम उपलब्धि भए पनि अवसर खोज्ने समय छ। प्रयत्न गर्दा विश्वास नलागेको काम समेत सजिलै बन्न सक्छ। सामाजिक जिम्मेवारी प्राप्त हुनेछ।

**तुला** — प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। स्वास्थ्य कमजोर रहनाले औषधि-उपचारमा खर्च बढ्नेछ।

**वृश्चिक** — प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। साथीभाइको सहयोगले काममा उत्साह मिल्नेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ।

**धनु** — चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ।

**मकर** — रोकिएको काम सम्पादन हुनेछ र नयाँ काम गर्ने अवसर समेत जुट्नेछ। अध्ययनमा राम्रो प्रगति हुनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ।

**कुम्भ** — प्रक्रिया नमिल्नाले केही काम दोहोर्याउनुपर्ला। हिस्सेदारसँग असमझदारी बढ्ने सम्भावना छ। पहिलेको निर्णय पुनर्विचार गर्नुपर्ने स्थिति आउन

**मीन** — कर्मयोगले नयाँ मोड लिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ।

# चार वर्षमा पनि सकिएन ५५ मिटर सडक

**◣युग संवाददाता**
**कैलाली, ४ जेठ ।**

भजनी नगरपालिकामा आर्थिक वर्ष २०७९/८० मा निर्माण गर्ने भनिएको ५५ मिटर लम्बाइको सडक चार वर्षसम्म सम्पन्न हुन सकेको छैन। नगरपालिका-३ पडरीया चोक हुँदै ठेकीपुर हुलाकी राजमार्गसँग जोडिएको उक्त सडक सुदूरपश्चिम प्रदेश सरकारको समपूरक अनुदानबाट निर्माण गर्ने भनिएको थियो। जसअनुसार २०८० असारभित्रै सडक निर्माण हुनुपर्ने थियो।

चार लेन सडकको हालसम्म चारपटक म्याद थप भएको छ। पछिल्लो म्याद चालु आवको असार १५ गतेसम्म छ। प्रदेश सरकारको रु ६६ लाख र स्थानीय तहको रु ६६ लाख गरी रु एक करोड ३२ लाखमा ठेक्का आह्वान गरिएको थियो। काम नभएपछि प्रदेश सरकारको अनुदान फिर्ता भयो।

नगरपालिकाका इन्जिनियर अजय डगौराले भने, "निर्माण कम्पनीलाई जति ताकेता गर्दा पनि काम भएको छैन, कार्यपालिकाले म्याद थप गरेपछि कारबाहीको प्रक्रियामा जान पनि सकिएको छैन। यस पटकको कार्यपालिका बैठकले अन्तिम पटक भनेको छ।"

उक्त सडक निर्माणको जिम्मा काफली कन्स्ट्रक्सनले पाएको थियो। नगरपालिकाले चालु आवमा आफ्नो स्रोतबाट रु १७ लाख बजेट विनियोजन गरेको छ। निर्माण कम्पनी नगरपालिकाको सम्पर्कमा पनि नआएको इन्जिनियर डगौराको भनाई छ।

काफली कन्स्ट्रक्सनका सञ्चालक शङ्कर शर्माले भने, "ठेक्का मेरो कम्पनीले पाए पनि काम गर्न भने तेस्रो व्यक्ति ज्ञानुलाभलाई जिम्मा दिएका थियौं, तर उहाँले काम नै गर्नुभएन, अब आफैँले एक साताभित्र काम सुरु गर्छु।" साथै सङ्घीय सरकारको रु ५० लाख र स्थानीय सरकारको रु ५० लाख बजेटबाट हुलाकी राजमार्गअन्तर्गत भजनी नगरपालिका-३ ठेकीपुर हुँदै भजनी बजार जोड्ने चार लेनको १३० मिटर सडक कालोपत्र अलपत्र परेको छ। विसं २०८१ जेठ २४ गते बिएण्डबी कन्स्ट्रक्सनले सडक कालोपत्रेको जिम्मा पाएको थियो।

वि.सं. २०८२ असार २० गते सम्झौताको म्याद सकिएपछि सङ्घीय सरकारबाट आएको अनुदान पूरै खर्च हुन सकेन। त्यसपछि नगरपालिकाले आफ्नो स्रोतबाट सडक निर्माण गर्ने भन्दै रु ११ लाख बजेट विनियोजन गरी सोही वर्षको मङ्सिरभित्र सम्पन्न गर्ने गरी म्याद थपिएको थियो। त्यसपछि पुनः पुसमा अर्को म्याद थपिएको थियो। तर हालसम्म पनि काम भएको छैन।

# कृषि फार्मले स्थानीय ४० जनालाई रोजगारी

**◣युग संवाददाता**
**दाङ, ४ जेठ ।**

यहाँको घोराही उपमहानगरपालिका-२ निमुरियाका मुना चौधरी स्थानीयस्तरमा सञ्चालनमा रहेको कृषि फार्ममा रोजगार पाउँदा खुशी भए। गाउँमै रोजगार पाएकैले अन्यत्र काम खोज्नु जान नपरेको उनी बताउँछन्। छोराछोरीको पढाईदेखि घर खर्च टार्न पनि सहज भएको उनको अनुभव छ।

कृषि फार्ममा काम पाएपछि पहिलेजस्तो खाली बस्नुपर्ने अवस्था नभएको उनले बताए। "पहिले हिउँदमा काम नहुँदा घरमै बस्नुपर्थ्यो, तर यहाँ कृषि फार्म खुलेपछि गाउँघरमै काम पाइनुका साथै आम्दानी पनि भइरहेको छ", उनले भने। हाल मासिक १४-१५ हजार रुपैयाँ कमाउने गरेको उनको भनाई छ।



उनी जस्तै सोही स्थानका अर्का स्थानीय देवा चौधरी पनि गाउँघरमै रोजगारी प्राप्त गर्दा जीविका चलाउन सजिलो भएको बताउँछन्। "घरमा पाँच जनाको परिवार छ, श्रीमान् घर बनाउने काम गर्नुहुन्छ, मैले कृषि फार्ममा काम गर्दै आएको छु, आम्दानी पनि राम्रै भइरहेको छ। जसले गर्दा आफ्नो कमाइले घरखर्च चल्ने र श्रीमान्को कमाइ भने बचत गर्दै आएका छौं", उनले भने।

पछिल्लो समय गाउँघरमै रोजगारी प्राप्त भएपछि उहाँजस्तै धेरै कृषि क्षेत्रमा जोडिन थालेका छन्। घोराही उपमहानगरपालिका-२ निमुरियाका हरि जिसीले व्यावसायिक कृषि सञ्चालन गरी स्थानीयलाई रोजगारी दिलाइ रहेका छन्। उमेरले ३७ बर्ष पुगेका जिसीले सुवर्ण कृषि फार्ममार्फत कृषि व्यवसाय गर्दै आएको छ। जग्गा भाडामा लिएर खेती गरी जिसी स्वरोजगार त बन्नुभएको छ नै अरु ४० जना स्थानीयलाई रोजगारीसमेत दिएको छ। जिसीले सात वर्ष अघिदेखि सञ्चालन गर्दै आएको फार्ममा तरकारी लगाउने, गोडमेल गर्ने, टिप्ने लगायतका काम पाइने भएपछि स्थानीयलाई पहिलेजस्तो खाली बस्नुपर्ने अवस्था छैन। विद्यार्थीसमेत कलेज पढ्दै कमाउँदै गर्न पाएका छन्।

सात वर्षअघि सात कट्ठा जग्गाबाट सुरु गरेको जिसीको तरकारीखेती अहिले १४ बिघामा फैलिएको छ। आफ्नो एक बिघा र बाँकी जग्गा भाडामा लिएर उहाँले व्यावसायिक तरकारीखेती गर्दै आएको छ। बार्षिक दुई करोड रुपैयाँको कारोबार गर्ने जिसी कामदारको ज्यालामा मात्रै झन्डै एक करोड रुपैयाँ बार्षिक खर्च गर्छन।

जिसीले कृषि फार्ममार्फत सिजनअनुसार टमाटर, बोडी, काँक्रा, कोभीलगायतका तरकारी उत्पादन गर्छन। उत्पादन भएको तरकारी बिक्रीका लागि घोराही बजारमा पसल पनि सञ्चालन गरेका छन्। सानैदेखि तरकारीखेतीप्रति भएको रुचिका कारण व्यावसायिक तरकारीखेतीमा लागेको भन्दै जिसीले भने, "तरकारीखेतीबाट आम्दानी राम्रै छ, उत्पादन भएको तरकारी बिक्रीका लागि बजारमा पसल पनि गरेको छु। जसले गर्दा पसल र फार्म दुवैतिर रोजगारी मिलेको छ।"

उनले आजभोलि काँक्रा फार्मबाटै १७ रुपैयाँ र टमाटर २८ रुपैयाँ प्रतिकिलोको दरले बिक्री गर्दै आएको छ। उनले उत्पादन गरेको तरकारी दाङ जिल्लासहित जिल्ला बाहिर बुटवल, कोहलपुर नेपालगन्ज, धनगढी, पोखरा, काठमाडौंसम्म बिक्रीका लागि लैजाने गरिएको छ।

# दश महिनाम करिब छ अर्ब राजस्व सङ्कलन

**◣युग संवाददाता**
**काठमाडौँ, ४ जेठ ।**

आन्तरिक राजस्व कार्यालय हेटौँडा मकवानपुरले चालु आर्थिक वर्ष २०८२/८३ को १० महिनामा करिब रु छ अर्ब राजस्व सङ्कलन गरेको छ। कार्यालय प्रमुख युक्तप्रसाद सुवेदीका अनुसार बक्यौता असुली र बजार अनुगमनलाई तीव्रता दिएकाले आर्थिक वर्ष २०८१/८२ को तुलनामा रु ३४ करोड २१ लाख २४ हजार बढीअर्थात् रु पाँच अर्ब ९२ करोड ६४ लाख राजस्व सङ्कलन भएको छ।

चालु आवको वैशाखसम्ममा अन्तशुल्कतर्फ रु तीन अर्ब ४५ करोड ६२ लाख ६५ हजार, आयकरतर्फ रु एक अर्ब दुई करोड चार लाख ९६ हजार, मूल्यअभिवृद्धि करतर्फ रु ८२ करोड ७१ लाख ५२ हजार, स्वास्थ्य जोखिम करतर्फ रु ५१ करोड ९२ लाख ५९ हजार, ब्याजकरतर्फ रु छ करोड ८३ लाख ७७ हजार र बहालकरतर्फ रु एक करोड ५९ लाख ८८ हजार राजस्व सङ्कलन भएको छ।

# त्रिदेशीय महत्वको 'महाबु सडक' निर्माणमा जोड

**◣युग संवाददाता**
**दैलेख, ४ जेठ ।**

छिमेकी मित्रराष्ट्र भारत र चीनलाई जोड्ने रणनीतिक महत्वको त्रिदेशीय 'महाबु सडकखण्ड' अन्तर्गतको बोटो स्तरोन्नति गर्न र ट्र्याक खोल्न सङ्घीय तथा प्रदेश सरकारको ध्यानाकर्षण गरिएको छ।



समुद्र सतहदेखि चार हजार १६८ मिटर उचाइमा अवस्थित धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण महाबु लेकमा आयोजित स्थानीय तहका जनप्रतिनिधि एवं जिल्लास्थित सरकारी अधिकारी सम्मिलित बैठकले सो निर्णयसहित छब्बुँदे प्रस्ताव सर्वसम्मत रुपमा पास गरेको हो।

दैलेख र कालीकोट जिल्लाका स्थानीय तहका जनप्रतिनिधि, जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायका प्रमुखहरूको उपस्थितिमा बसेको संयुक्त बैठकले महाबु सडक पूर्वाधार निर्माणलाई प्राथमिकता दिँदै आवश्यक बजेट व्यवस्था गरिदिन प्रदेश तथा सङ्घीय सरकारसँग अनुरोध गरेको हो।

दैलेख जिल्ला नारायण नगरपालिकाका प्रमुख लोमन शर्माले राखेको उक्त प्रस्ताव सर्वसम्मत रुपमा पास भएको महाबु गाउँपालिकाका प्रमुख जङ्गबहादुर शाहीले जानकारी दिए। उनले चीनको नाक्चेनाग्लादेखि भारतको जमुनाह नाकालाई जोड्ने सो सडक निर्माण हुनसके दैलेख, कालीकोट, सुर्खेतसहित समग्र कर्णाली प्रदेश लाभान्वित हुने धारणा व्यक्त गरे।

बैठकमा नौमूले गाउँपालिकाका प्रमुख छविराम सुवेदीले सो सडकको स्तरोन्नतिसहित निर्माण सम्पन्न भए वातावरण तथा जैविक विविधताको संरक्षण र सम्वर्द्धन, पर्यापर्यटनको विकास एवं विस्तार, कृषि क्षेत्रमा आत्मनिर्भर, शिक्षा, स्वास्थ्य र सुरक्षाका क्षेत्रमा उल्लेखनीय प्रगति भई जनताको जीवनस्तर सुधार हुने विश्वास व्यक्त गरे।

त्यसैगरी दैलेखका सहायक प्रमुख जिल्ला अधिकारी महेन्द्रजङ्ग शाहीले दुवै जिल्लाका अन्तरपालिकाका जनप्रतिनिधि सम्मिलित 'महाबु बैठक'को निर्णयबाट शान्तिसुरक्षा अमनचयन कायम गर्न अझ सहज हुने बताए। कर्णाली प्रदेश सभाका उपसभामुख यशोदा न्यौपानेले बैठकबाट पारित निर्णयलाई प्रदेशसभामा प्राथमिकताका साथ उठाउने प्रतिबद्धता व्यक्त गरे।

## नेपालगञ्ज...

छ। व्यवसायीहरूमा नयाँ उत्साह आएको छ।"

ग्राहकहरू पनि अहिले आफ्नै बजार सहज र सुरक्षित भएको बताउँछन्। बर्दियाको गुलरियाबाट नेपालगञ्ज किनमेल गर्न आएकी ग्राहक माया चौधरीले भारत जाँदा झन्झट बढेपछि नेपालमै सामान किन्न थालेको बताए। "पहिले रुपैडिहा पुगेर सामान ल्याउँथ्यौं," उनले भने, "अहिले यहीं राम्रो सामान पाइने रहेछ। समय पनि बच्ने भयो, झन्झट पनि कम भयो।"

व्यवसायीहरूका अनुसार सीमामा गरिएको कडाइले नेपाली बजारमा पैसा घुम्न थालेको छ। यसले साना तथा मध्यम व्यवसायीलाई राहत मिल्नुका साथै स्थानीय अर्थतन्त्रसमेत चलायमान बन्न थालेको उनीहरूको भनाई छ। सीमामा गरिएको निगरानी र भन्सार कडाइलाई निरन्तरता दिन सके नेपाली बजार अझ सशक्त बन्ने विश्वास व्यवसायीहरूले व्यक्त गरेका छन्।


## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(दोस्रो पटक प्रकाशित मिति : २०८३।०२।०५ गते)**

ठूलीभेरी नगरपालीका अर्न्तगत सबैका लागी दिगो खानेपानी सरसफाई तथा स्वच्छता आयोजनाको सहयोगमा वडा नं। १ मा सञ्चालित तपसिलको खानेपानी तथा सरसफाइ योजनाको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु, फिटिङ्गस तथा औजारहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रहि सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

| सिलबन्दी दरभाउपत्र नम्वर | खानेपानी योजनाको नाम | उपभोक्ता समितिको सिटिजन्स बैंकमा रहेको खाता नं. | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम रु। (भ्याट बाहेक) | दरभाउपत्र खरिद रकम रु. (पछी फिर्ता नहुने) | बोलपत्र जमानत वापतको रकम रु. |
|---|---|---|---|---|---|
| THALA WASH/ SQ/01/082/083 | थाला बहु-उपयोगी पानि प्रणाली योजना। (Thala Bahu-Upayogi Pani Pranali Yojana Nirman ) | ०४२०१००००११५७२०१ | २,३१७,६७४।५० | ३,०००।०० | ६९,५३०।२३ |

**शर्तहरु :**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटिङ्गसहरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारम रु ३०००।००(पछि फिर्ता नहुने गरी) सम्बन्धित उपभोक्ताको नाममा सिटिजन्स बैंकमा रहेको खाता नम्बरमा नगदै रकम दाखिला गरेको भौचर प्रतिलिपि वा वैकं ग्यारेन्टी सहीत लिखित निवेदनको साथमा सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरु नोटरी पव्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिनको कार्यालय समय भित्र नगर कार्यपालिकाको कार्यालय वा आयोजना सहयोग इकाई, सुर्खेत वाट खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको आठौं दिनको १२ बजे भित्र प्रचलित कानुन बमोजिम वैकं ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य वैंक वा वित्तीय संस्थाबाट न्युनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाइ मान्य बोलपत्र जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ताको समितिको वैकमा रहेको खाता नम्वरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समतिको अध्यक्ष लाइ निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ भने साप्लायरल योजनाको लागी दरभाउ पत्र पेश गर्न सक्नेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र न. उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटिङ्गस सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ

३. सम्भावित सप्लायर आपूर्तिकर्ताहरुलाई खरिदको सूचना प्रकाशन भएको मितिले पाचौं दिन दरभाउपत्र फारम तथा खरिद गर्ने सामाग्रीहरुको स्पेसीफिकेसन वा कोटेशन पेश गने तरिका आदिका बारेमा जानकारी दिन एचभ(द्यष्म ःभभतष्लन गरिनेछ। यस्तो मीटिंग नगरंपालिको कार्यालयमा व्यक्तिगत भेला गरेर वा दुरस्थ (यलष्लिभ) मध्यम बाट समेत गर्न सपकिनेछ। साथै सप्लायर र आपूर्तिकर्ता बाट यस्तो जानकारी माग भएमा कुनै पनि समय ईमेल वा पत्रको मध्यमबाट समेत दिइनेछ र सो को जानकारी अन्य सप्लायर आपूपर्तिकर्तालाई समेत दिइनेछ।

४. सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र वढि घटि भएमा कार्य सम्पादन जमानत रकम ≠(०.८५×लागत अनुमान - कबोल मुल्य) ×०.५)'+५ प्रतिशत कवोल मुल्यको हिसाव गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ताको समितिको वैक खातामा जम्मा गर्नु पर्नेछ।

५. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफैं उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ। हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौ दिनको १२ बजे भित्र प्राप्त भैसक्नुपर्नेछ।

६. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भै सामग्रीहरु प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाच गरेपछि मात्र सप्लाइ भएको सामानको भुक्तानी दिइनेछ।

७. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०८३।०२।११ मा नगरकार्यपालिकाको कार्यपालिकाको कार्यालयमा दिउसो १२ बजे खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

८. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ।

११. यस सम्बन्धी थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ। अन्य शर्तहरु आयोजना खरिद कार्यविधि बमोजिम हुनेछ।

१२. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना ठूलीभेरी नगरपालीका को सूचना पाटीमा टास गरिनेछ।

१३. अन्य थप जानकारी चाहिएमा डोल्पा जिल्ला ठूलीभेरी नगरपालीका अन्तरगत खानेपनी,सरसफाइ तथा स्वच्छता इकाई मोवाईल नम्बरमा ९८५८३६६१०५ मा सम्पर्क गर्न सकिनेछ सम्पर्क।

**खरिद समिति**
**संयोजक**


# घरजग्गा कारोबारबाट गत वैशाखमा छ अर्ब २६ करोड राजस्व सङ्कलन

**◣युग संवाददाता**
**काठमाडौँ, ४ जेठ ।**

घर जग्गासम्बन्धी कारोबार क्रमशः वृद्धि हुँदै पछिल्लो कारोबार र राजस्व सङ्कलनको विवरणले देखाएको छ। गत चैतको तुलनामा गत वैशाखमा राजस्व सङ्कलनमा वृद्धि भएको छ।

गत चैतमा घर जग्गा कारोबारबाट कूल रु छ अर्ब १६ करोड ५७ लाख ५० हजार एक सय १७ राजस्व सङ्कलन भएकामा वैशाखमा कूल रु छ अर्ब २६ करोड ३८ लाख २९ हजार आठ सय ७३ बराबरको राजस्व सङ्कलन भएको छ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार, गत वैशाखमा सेवा करबाट रु ३४ करोड ४० लाख ६३ हजार चार सय दुई, रजिष्ट्रेशन दस्तुरबाट रु तीन अर्ब ३१ करोड ९५ लाख ५० हजार एक सय १७, पूँजीगत लाभकरबाट रु दुई अर्ब ५५ करोड २४ लाख ६४ हजार २२ सङ्कलन भएको छ। यस्तै, मुख्यमन्त्री स्वच्छता अभियान कोष शुल्कबाट रु चार करोड ४८ लाख ७८ हजार तीन सय १८ सङ्कलन भएको छ।

त्यस्तो शुल्क गत चैतमा सेवाकरमार्फत रु ३६ करोड एक लाख ५५ हजार पाँच सय ७१, रजिष्ट्रेशन दस्तुरबाट रु तीन अर्ब २२ करोड ८४ लाख ६० हजार पाँच सय ६२ सङ्कलन भएको थियो। यस्तै, पुँजीगतलाभकर वापत रु दुई अर्ब ५२ करोड ७४ लाख ७० हजार ७३ सङ्कलन भएको थियो।

मुख्यमन्त्री स्वच्छता अभियान कोष शुल्कबाट रु चार करोड ६२ लाख ९९ हजार सात सय ८० बराबरको रकम सङ्कलन भएको विभागले जनाएको छ। त्यस्तै, गत फागुनमा रु चार अर्ब १४ करोड ९५ लाख ४८ हजार नौ सय ३२ बराबरको राजस्व सङ्कलन भएको थियो। विभागका अनुसार, गत माघमा भने रु पाँच अर्ब ९९ लाख २४ हजार पाँच सय ३६ बराबरको राजस्व सङ्कलन भएको थियो।

## कर्णालीमा...

भएको पैसा सही तरिकाले प्रमाणित नभएको, नियमविपरीत खर्च गरिएको वा हिसाब मिलान नभएको रकमलाई बेरुजु भनिन्छ। महालेखा परीक्षकको कार्यालयले सरकारी निकायहरूको लेखापरीक्षण गर्दा यस्ता त्रुटि वा अपूर्ण हिसाबलाई बेरुजुका रूपमा उल्लेख गर्छ।

प्रतिवेदनअनुसार सातै प्रदेशको तुलनामा कर्णाली प्रदेशको बजेट खर्च गर्ने क्षमता पनि सबैभन्दा न्यून छ। गत आर्थिक वर्ष २०८१/०८२ मा ३१ अर्ब ४१ करोड बढी कुल वार्षिक बजेटको ल्याएको प्रदेश सरकारले ६३.६७ प्रतिशत मात्र खर्च गर्न सकेको छ। प्रतिवेदन अनुसार यो सातै प्रदेशमध्ये सबैभन्दा न्यून खर्च प्रतिशत हो।

कोशी प्रदेशले सबैभन्दा बढी ७९.८९ प्रतिशत खर्च गर्दा कर्णाली भने ७० प्रतिशतको अंक पनि छुन असफल भएको छ। जुन नियति कर्णालीमा स्थापना कालदेखि अहिलेसम्मै कायम छ। कर्णाली प्रदेशले आफ्नो खर्चको करिब आधा हिस्सा मात्र आन्तरिक स्रोतबाट जुटाएको महालेखाले जनाएको छ। कुल खर्चको ५०.१६ प्रतिशत मात्र आन्तरिक स्रोतबाट व्यहोरिएको छ, जुन सातै प्रदेशमध्ये सबैभन्दा न्यून हो। बागमती प्रदेशले आफ्नो खर्चको ७७.०६ प्रतिशत आन्तरिक स्रोतबाट व्यहोर्दा कर्णाली भने संघीय सरकारकै अनुदानमा बढी निर्भर छ।

कर्णाली प्रदेशको आन्तरिक आम्दानी अन्य प्रदेशको तुलनामा निकै कमजोर छ। तर, केन्द्रबाट अनुदानमा आएको बजेटलाई नै सही सदुपयोग गर्न कर्णाली सरकारले सकिरहेको छैन। उक्त वर्ष केन्द्रबाट कर्णालीले २० अर्ब २७ करोड ३८ लाख ४७ हजार वित्त हस्तान्तरण रकम पाएको थियो। केन्द्रले प्रदेशलाई वित्तीय समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान रकम उपलब्ध गराउँछ भने राजस्व बाँडफाँट पनि गर्छ।

चार वटा अनुदान शीर्षकमा कर्णाली उक्त वर्ष १२ अर्ब ३२ करोड १९ लाख २० हजार रकम पाएको थियो, भने राजस्व बाँडफाँटमा आठ अर्ब ४० करोड १९ लाख २७ हजार पाएको थियो। महालेखापरीक्षकको प्रतिवेदनले कर्णाली प्रदेशलाई आन्तरिक स्रोत परिचालन क्षमतामा अभिवृद्धि गर्न र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पालनामा कडाइ गर्न सुझाव दिएको छ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# बाँकेमा विद्युत् आपूर्ति सुधार गर्न नयाँ फिडर थप



**युग संवाददाता**
**बाँके, ४ जेठ ।**

नेपाल विद्युत् प्राधिकरण नेपालगञ्ज वितरण केन्द्रले विद्युत् आपूर्ति सुधार गर्न पाँचवटा नयाँ फिडर थप गरेको छ। सोह्र वटा फिडरबाट आपूर्ति हुँदै आएकामा नेपालगञ्जमा हुने गर्मीलाई मध्यनजर गर्दै पाँचवटा नयाँ फिडर थप गरेर विद्युत् आपूर्ति सुधारलाई निरन्तरता दिएको नेपाल विद्युत् प्राधिकरण नेपालगञ्ज वितरण केन्द्रका प्रमुख सञ्जयकुमार मिश्रले जानकारी दिए।

"विगतमा १६ वटा फिडरबाट गाउँ र सहरसम्म विद्युत् आपूर्ति हुँदै आएको अहिले पाँचवटा नयाँ फिडर थप गरी गाउँ र सहरको फिडर छुट्याएका छौँ", उनले भने, "छुट्टाछुट्टै फिडर भएकाले गाउँ र सहर दुवै ठाउँमा विद्युत् वितरण र भोल्टेजमा सुधार आएको छ।"


वितरण लाइनको मसिनो तारलाई पनि व्यवस्थापन गर्दै फिडर थप गरेपछि अहिले बाँके जिल्लामा भोल्टेज कम भएको गुनासो आउन छाडेको छ। फिडरसँगै आवश्यक ठाउँमा नयाँ ट्रान्सफर्मरसमेत थप गरिएको मिश्रले बताए। विद्युत्को बढ्दो मागलाई व्यवस्थापन गर्नका लागि पनि पूर्वाधार विकासलाई प्राथमिकता दिँदै आएको उनको भनाई छ।

बाँके जिल्लामा विद्युत् सेवा सुधार र चुहावट नियन्त्रणका लागि नेपालगन्ज वितरण केन्द्रले मिटर अनुगमन, हुकिङ गर्ने वा मिटरमा गडबडी गर्ने ग्राहकमाथि सार्वजनिक बिदाका दिनसमेत स्थलगत निरीक्षण गर्दै सिँचाइ, घरेलु तथा अन्य ग्राहकको सेवा अवस्थाबारे अनुगमन गरिरहेको छ।

सेवा सुधार, चुहावट नियन्त्रण अभियानले पछिल्ला महिनाहरूमा बाँकेमा विद्युत् आपूर्तिमा सुधार देखिएको छ। नयाँ फिडर थपिएपछि ओभरलोडको समस्या घटेका कारण गर्मीयाममा समेत आपूर्ति अवरुद्ध नहुने केन्द्र प्रमुख मिश्रको दाबी छ।

नेपालगन्ज वितरण केन्द्र नोलाइट शाखामार्फत महत्वपूर्ण स्थानहरूमा नाङ्गो तार हटाई केबुल विस्तारको काम भइरहेको छ। मर्मत शाखाले पनि नियमित अनुगमनमार्फत आपूर्ति अवरोध हुन नदिन आवश्यक सतर्कता अपनाएको कारण विद्युत् चोरी नियन्त्रण, दुरुपयोग न्यूनीकरण तथा सेवा प्रवाहमा थप सुधार आएको उनको भनाई छ।

## घुयँत्रो



हाम्रो गाउँघराँ यौटा उखान छ नि" तीन टिकट महाविकट" यो भन्या तिनजना मान्छे मिलेर सँगैजाने अबसर मिल्यो भने जे कामले गएको हो त्यो काम कैल्यै बन्दैन रे ,हुन्न रे ,त्यै भएर बुढा पुरानाहरु तीन जनाको साईतलाई राम्रो र सफल मान्दैनन। त्यै भएर हाम्रो गाउँघराँ हालने उखानप्रति यद्यपि मानिसहरुमा वश्वास रँदै आएकोछ। अनि यै उखानले गरि खान देलाजस्तो छैन हर्क साम्पाङलाई। आम चुनाबाँ ३ सिटके जित्याथ्यो त्यसकै बलाँ हर्केको उटपट्याङ सुन्दा र हेर्दा जनतानि दिक्क भा छन। जाबो ३ सिट ल्याको पाटिको नेता दिनै पिच्छे सदन भित्र होहल्ला मच्चाएर दुई तिहाईको प्रधानमन्त्रीको राजिनामाको माग गर्या देख्दा अब कुन दिन हर्के बौलाएर सदनाँ नाङ्गै हिँडछकि क्या भनेर मान्छेले कुरा काटन थाली सके। तर हर्के भने छेउ न टुप्पो कतै नमिल्ने गरि बालेनको राजिनामा माग्दै सदन चल्न नदेर हङ्गामा मात्रै गर्या सुनिन्छ। चित्त नबुझ्या कुरा रोष्टममा उभिएर अघ्घाउने गरि भने भैगोनि।त्यो के हाताँ प्लेकार्ड लेर ३ जना मात्रै सभामुखका अगाडि उभ्भियर राजिनामा राजिनामा भनेर घाक्रो फुलाएर हुँदो त! माटोमा भोट हालेर षी ३ जनालाई जिताउने मतदाताले सदनाँ गएरदऐनकानुन बनाउने हैनकि हङ्गामामात्रै मच्चाएर सदन चल्नै नदिनु भनेर पठाहुन भने जनताको ईच्छालाई कदर गर्नुदठिकै हो हैन। चुनावि नाराँनि त्यस्तो केई थेन र देश र जनताको समृद्धिका लागि प्रतिनिधित्व गर्ने प्रण गरेर आहो भने त सदनलाई सहिबाटोमा डोर्याउने बढिभन्दा बढि ऐन कानुन पास गर्ने विकास निर्माणमा चिन्तनलगर्ने ,भष्टाचारको अन्त्य र सुशासन कायम गर्न सरकारलाई खबरदारी गर्ने र सहयोगगर्ने हैन र? हिजैका पाटि र सरकारकै जस्तो प्रवृति देखाएर सदनमा प्रस्तुत हुने हो भने त परिवर्तनको गुड्डि किन हाँक्नेतनि। बरु म हिजकै जस्ता झोलेहरुको उध्दार गर्न आको मान्छेहुम्। मेरा झोलेहरुको उध्दार हुन्छ भने सदनमा चुपचाप बस्छु हैन भने मन लाग्दि गर्छु भने भैगोनि। जबजब सदन चलेको समाचार आउँछ तबतब आज हर्केले यसो गर्यो रे अनि यसो भन्यो रे सदनै चल्न देनरे जस्ता अभिव्यक्ति सुन्दासुन्दा जनताका कानपनि पाकि सके। सदनमा हङ्गामा मच्चाउने र सदन चल्न नदिनेलाई तत्काल मर्यादापालक लाएर बाहिर पठाउनु पर्यो नि। कि त सदनमा पाँचै बर्ष यस्तै गरिरहन हर्केलाई छुटछ र? सरकार चाईं यति दिनमालयति काम सक्ने भनेर प्लान बनाएर हिँडने अनि आँफुलाई प्रतिपक्षभन्दै ३सिटे पाटि सरकारका कार्यक्रम फेलगराउने तरिकाले सदनाँ भाँजो हाल्ने। आखिर सभामुख त सत्ताधारी पाटिकै समर्थकका हुन नि तर पनि त्यो माटो पाटिका हर्केलाई बालेनको राजिनामा माग्न सदनाँ किन उत्ताउलो तरिकाले पेश हुन दिई राछन कुन्नि? त्यति ठूलो सदनलाई ३ जनाले कब्जाँ लेर सरकार हल्लाई राछन रे भन्ने सुन्दा अरुले नि के भन्दाहुन। कतै हर्केलाई फेरि पनि मेयरमै फर्किने मन त ला हैन? आँफै राजिनामा देर जाँदा लाज हुने भा हुनाले सदनाँ होहल्ला मच्चाउन पर्यो त्यसपछि सदनाट निकाल्छन अनि सरकारले सदना' ट निकाल्यो भनेर २/४ दिन होहल्ला मच्चायो पुरानै शहर फर्कियो चुनाब लडने बहानाका २"४ वटा गफ दियो जनता मख्ख पर्छन अनि फेरि स्थानीय निकाय चुनाब आउँदैछ त्यसैमा मेयर बन्ने ख्वाब बनायो बस्यो! आफू त आँफुथ्यो ती विचरा माटो पाटि भनेर आका तिनको नि बिचल्लि पार्यो कि कसो माटो अध्यक्ष ज्यु।

# कांग्रेसको बृहत्तर एकताका लागि 'दश बुँदे सूत्र' जारी

**युग संवाददाता**
**सुर्खेत, ४ जेठ ।**

नेपाली कांग्रेस कर्णाली प्रदेश कार्यसमितिले कांग्रेसको बृहत्तर एकता र भावी कार्यदिशाका लागि 'दश बुँदे सूत्र' जारी गरेको छ। नेपाली कांग्रेस कर्णाली प्रदेश कार्यसमिति सुर्खेतद्वारा शनिबारदेखि वीरेन्द्रनगरमा सुरु भई आज सम्पन्न कांग्रेसको 'बृहत्तर एकता तथा भावी कार्यदिशा' विषयक विचार गोष्ठीबाट १० बुँदे सूत्र जारी गरिएको हो।

सम्पन्न गोष्ठीबाट जारी सूत्रको पहिलो बुँदामा कांग्रेसको १५औं महाधिवेशनलाई एकताको महाधिवेशनका रूपमा सम्पन्न गर्नुपर्ने उल्लेख गरिएको छ। त्यसैगरी, दोस्रो बुँदामा केन्द्रीय अनुशासन समितिमार्फत देशभरका जिम्मेवार नेता तथा कार्यकर्तामाथि गरिएका कारबाही तथा मागिएका स्पष्टीकरण फिर्ता लिई बृहत्तर एकताको वातावरण बनाउन आह्वान गरिएको छ। त्यस्तै, समावेशी सिद्धान्त, वैश्विक प्रविधिको विकाससँगै पार्टीको सबै तहमा २५ प्रतिशत युवा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ। नेपालको सार्वभौमसत्ता र स्वतन्त्रताको रक्षाप्रति प्रतिबद्धतासहित भूराजनीतिक संवेदनशीलता बुझ्ने परिपक्व र साझा दृष्टिकोण बनाउनुपर्ने, लोकतान्त्रिक व्यवस्था र सङ्घीय शासन प्रणालीको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि नेपाली कांग्रेसको नेतृत्वमा लोकतान्त्रिक शक्तिहरूबीचको साझा संयन्त्र निर्माणमा तत्काल प्रभावकारी पहल गर्नुपर्ने विषय उक्त सूत्रमा उल्लेख गरिएको छ।

त्यसैगरी, महँगीबाट प्रताडित जनतालाई राहत दिलाउन, राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानुन, सन्धि, सम्झौताअनुसार गठित ट्रेड युनियन हक अधिकार सुनिश्चित गर्न, प्राकृतिक प्रकोपबाट जनतालाई बचाउन, सदनमा जिम्मेवार प्रतिपक्षीको भूमिका निर्वाह गर्न, सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रममा कर्णाली विकासका लागि उल्लेखनीय व्यवस्थाका निम्ति सरकारसँग आवश्यक समन्वय एवं पहल गर्न केन्द्रीय नेतृत्वलाई अनुरोध गर्नेलगायतका विषयलाई समेटेर १० बुँदे सूत्र जारी गरिएको नेपाली कांग्रेस कर्णाली प्रदेश कार्यसमिति सभापति ललितजङ्ग शाहीले जानकारी दिए।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री अमृता सुनार (चौधरी) धनी रहेको, दर्ता नम्बर १०१०४/०७९/०८० बाट वीरेन्द्रनगर न.पा-६, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री लेकवेशी खाजा घर नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

यौन हिंसाबाट बचौं र बचाऔं:

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शूल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्षिटच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




Book & Copy Printing


Packaging Box Printing


Wedding Card Printing


Stamp


Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।